- **समुदाय-प्रहरी साझेदारी अनुशिक्षण (प्र.ज.देखि जु.प्र.अ.) तालिम पाँचौ समूहको उद्घाटन कार्यक्रम सु-सम्पन्न**

(२०८० वैशाख ०३ गते):

यस केन्द्रमा संचालन भएको ०९ कार्यदिन अवधिको समुदाय-प्रहरी साझेदारी (प्र.ज. देखि जु.प्र.अ.) अनुशिक्षण तालिम पाँचौसमूहको तालिम संयोजक प्रहरी निरीक्षक आशिष पोखरेलज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **समुदाय-प्रहरी साझेदारी अनुशिक्षण (प्र.ज.देखि जु.प्र.अ.) तालिम पाँचौ समूहको समापन कार्यक्रम सु-सम्पन्न**

(२०८१ बैशाख १४ गते):

२०८१ बैशाख ०३ गतेबाट यस केन्द्रमा संचालन भएको ०९ कार्यदिन अवधिको समुदाय-प्रहरी साझेदारी अनुशिक्षण (प्र.ज.देखि जु.प्र.अ.) तालिमपाँचौ समूहको आज मिति २०८१ बैशाख १४ गते यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्टज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सुसम्पन्न भयो।



- **नवनिर्मित बाधापार समुद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ बैशाख १९ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरको परिसर भित्र नेपाल प्रहरीको बाधापार अभ्यास सम्बन्धि मापदण्ड,२०७८ तथा नेपाल प्रहरीको तालिम सञ्चालन कार्यादेश,२०७९ बमोजिम नवनिर्मित बाधापार संरचनाहरुको कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक चन्द्रकुबेर खापुङ्गज्यूले यस केन्द्रमा आयोजित विशेष समारोहको बीच समुद्घाटन गर्नु भयो।

उक्त समुद्घाटन कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नवनिर्मित बिबिध २३ वटा बाधापार संरचनाहरुको अवलोकन गर्नुको साथै प्रशिक्षक वर्गबाट प्रदर्शन गरिएको बाधापार अभ्यास सम्बन्धि नमूना प्रदर्शनी (Demonstration) समेत अवलोकन गर्नु भएको थियो।

कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नेपाल प्रहरीले प्रदान गर्ने बिबिध प्रशिक्षण गतिविधिहरुलाई समयानुकुल गुणस्तरीय तथा वैज्ञानिक बनाउँदै लैजानको लागि यस्ता संरचनाहरुले सहयोग पुग्नाउने कुरामा जोड दिँदै प्रहरी कर्मचारीहरुको शारीरिक तन्दुरुस्तीमा समेत यस्ता संरचना सहयोगी हुने कुरामा विश्वास व्यक्त गर्नु भयो।

कार्यक्रममा प्रमुख अतिथिज्यूले बाधापार संरचनाहरु निर्माण गर्न महत्वपूर्ण योगदान पुर्‍याउनुहुने यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट लगायतका प्रहरी कर्मचारीहरुलाई प्रशंसा-पत्र प्रदान गर्नु भएको थियो भने कार्यक्रममा उपस्थित प्रमुख अतिथिज्यूलाई यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीज्यूले मायाको चिनो प्रदान गरी धन्यवाद ज्ञापन मन्तव्य राख्नु भएको थियो।



- **बिदाई तथा धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न**

(२०८० बैशाख १९ गते):

स्वेच्छिक अवकास हुनु भएका प्राविधिक प्रहरी सहायक निरीक्षक दिपक परियारलाई यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यमा मायाको चिनो प्रदान गरी बिदाई तथा धन्यवाद ज्ञापन कार्यक्रम सुसम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु,जुनियर प्रहरी अधिकृतहरु लगायत गुरुवा वर्गहरुको समेत उपस्थिती रहेको थियो।



- **कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २३ औं समूहकोउद्घाटन कार्यक्रम सु-सम्पन्न**

(२०८१ बैशाख २० गते):

मिति २०८१ वैशाख २० गतेबाट यस केन्द्रमा संचालन भएको ३० कार्यदिन अवधिको कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.)

तालिम २३ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक देउप्रसाद लिम्बुज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) १०० औं समूहको समापन कार्यक्रम सु-सम्पन्न**

(२०८१ बैशाख २० गते):
मिति २०८० चैत्र २५ गतेबाट यस केन्द्रमा संचालन भएको २६ कार्य दिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) १०० औं समूहको आज मिति २०८१ वैशाख २० गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सुसम्पन्न भयो ।
उक्त कार्यक्रममा दीक्षीत भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यूले शुभ कामना एवं बधाई दिदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।
कार्यक्रममा यस केन्द्रका सह- समादेशक प्र.ना.उ.रविन विष्ट, प्रहरी निरीक्षक तथा तालिम संयोजक गुरू प्रसाद तिम्सिना, जुनियर प्रहरी अधिकृतहरु तथा गुरुवा वर्गहरुको उपस्थिति रहेको थियो ।



- **स्वागत तथा फेरी भेटौला कार्यक्रम सम्पन्न**

(२०८१ बैशाख २१ गते):
यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र,विराटनगरको समादेशकको जिम्मेवारीमा पाल्नु हुने प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूलाई यस केन्द्रमा स्वागत गरिनुका साथै तालुक नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाको मिति २०८१ वैशाख १४ गतेको पत्रले यस कार्यालय बाट नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग वृत्ति विकास महाशाखा नक्साल, काठमाण्डौं सरुवा हुनु भएका यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीज्यूलाई आजै यस केन्द्रको कार्यभार सम्हाल्नु भएका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूले कृतज्ञाता सहित बिदाइ गर्नु भयो ।
कार्यक्रममा यस कार्यालयबाट नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग वृत्ति विकास महाशाखा नक्साल, काठमाण्डौं सरुवा हुनु भएका प्रहरी वरिष्ठ उपरीक्षक राजन अधिकारीज्यूले यस केन्द्रमा रहँदा बस्दाको आफ्नो अनुभव सहितको मन्तव्य राख्नु भएको थियो ।
मन्तव्यको क्रममा नव आगन्तुक प्र.व.उ.अबि नारायण काफ्लेज्यूले पूर्व समादेशकज्यूलाई उहाँले तालिम केन्द्रको भौतिक पूर्वाधार विकास तथा तालिम वातावरण निर्माणमा पूर्‍याउनु भएको योगदानको प्रशंसा सहित आभार प्रकट गर्नु भएको थियो ।
उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु लगायत प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो ।



- **महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १२ औं समूहकोउद्घाटन कार्यक्रम सु-सम्पन्न**

(२०८० चैत्र २४ गते):
मिति २०८१ वैशाख २४ गतेबाट यस केन्द्रमा संचालन भएको १६ कार्यदिन अवधिको महिला तथा बालबालिकासंग सम्बन्धित अपराध अनुसन्धान (प्र.ज. देखि प्र.व.ह.) तालिम १२ औं समूहको तालिम संयोजक प्रहरीनिरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सुसम्पन्न भयो ।



- **प्राविधिक प्रहरी हवल्दार तथा प्राविधिक प्रहरी सहायक हवल्दारहरुको दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८१ बैशाख ३० गते):
तालुक नेपाल प्रहरी प्रधान कार्यालय बढुवा समिति सचिवालयको मिति २०८१।०१।२० गतेको निर्णयले प्राविधिक प्रहरी सहायक हवल्दार पदबाट सोही समूहतर्फको प्राविधिक प्रहरी हवल्दार तथा प्राविधिक प्रहरी जवान पदबाट सोही समूहतर्फको प्राविधिक प्रहरी सहायक हवल्दार पदमा पदोन्नती हुनु भएका प्राविधिक प्रहरी हवल्दार विष्णु विशुंखे तथा प्राविधिक प्रहरी सहायक हवल्दार

पदमा पदोन्नती हुनु भएका प्राविधिक प्रहरी सहायक हवल्दारहरु तागेरा आङदम्वे तथा कृष्णमाया लिम्बुलाई आज मिति २०८१।०१।३० गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीहरुलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक रविन विष्ट, प्रहरी निरीक्षकहरु, जुनियर प्रहरी अधिकृतहरु तथा गुरुवा वर्गहरु समेतको उपस्थिति रहेको थियो।

